nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

31 °C । वर्ष : ११, अंक : ९६ पृष्ठ ४ । मंगलबार,२३ मंसिर २०८२ । TUESDAY, DECEMBER 09, 2025 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## वीरगन्जका पूर्व मेयर सरावगी एमाले केन्द्रीय सदस्यमा उम्मेदवारी दिने तयारी



**बीरगन्ज २२ मंसिर ।** नेकपा एमालेको आगामी ११औं महाधिवेशनमा वीरगन्ज महानगरपालिकाका पूर्व मेयर विजय कुमार सरावगी ले केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । व्यवसायी पृष्ठभूमिका सरावगीले मधेसी कोटाबाट केन्द्रीय सदस्यमा चुनाव लड्ने तयारी गरेको बताएका छन् । नेकपा एमालेको महाधिवेशन यहीँ मंसिर २७ गतेदेखि भक्तपुरको सल्लाघारीमा सुरु हुँदैछ । गएको स्थानीय तह निर्वाचनमा एमालेका तर्फबाट मेयर पदका उम्मेदवार बनेका सरावगीले यसपटक पार्टीको केन्द्रीय नेतृत्वमा पुग्ने लक्ष्य लिएका हुन् । सरावगीले उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) छोडेर एमाले प्रवेश गर्ने समयमा पार्टी अध्यक्ष केपी शर्मा ओली ले उनलाई केन्द्रीय सदस्य बनाउने आश्वासन दिएका थिए । तर, महाधिवेशनपछि पार्टी प्रवेश गरेका कारण देखाउदै उनलाई केन्द्रीय सल्लाहकार परिषद सदस्यको जिम्मेवारी दिइएको थियो । यस विषयमा पूर्व मेयर सरावगीले भने, अघिल्लो पटक पार्टी अध्यक्षले बोलेको बाचा पुरा भएको छैन । यसपटक भने म मधेसी कोटाबाट केन्द्रीय सदस्य लड्ने तयारी गरेको छु । मलाई विश्वास छ, अध्यक्ष ओलीले मलाई केन्द्रीय सदस्य बनाउन सहयोग गर्नुहुनेछ । विजय कुमार सरावगी सफल व्यवसायी हुन् । उनी वीरगन्ज उद्योग वाणिज्य संघको अध्यक्ष, नेपाल उद्योग वाणिज्य सदस्य भइसकेका छन् । सामाजिक र उद्योग व्यवसायको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका सरावगीले अब उप्रान्त राजनीतिक क्षेत्रमा सक्रिय रहने प्रण गरेका छन् । पर्सा एमालेमा देखिएको गुटउपगुटको राजनीतिभन्दा बाहिर बसेर पार्टीको भूमिकामा लागेका कारण सरावगीले सबै गुटका नेता कार्यकर्ताको विश्वास जित्न सफल भएको वीरगन्ज नगर कमिटीका सचिव लियाकत अलि ले बताएका छन् । सरावगी एमालेमा प्रवेश गरेपछि उनको पक्षमा जनमत बलियो हुँदै गएको देखिन्छ । नेकपा एमालेको ११औं महाधिवेशनमा पर्साबाट केन्द्रीय सदस्यमा एक दर्जन आकांक्षी देखिएका छन् । यसअघि केन्द्रीय कमिटीमा रहेका अरविन्द कुमार सिंह, राजकुमार गुप्ता, प्रभु हजारा र निर्मला देवकोटा समेत केन्द्रीय समितिमा लड्ने तयारीमा छन् । पर्सा एमालेमा अध्यक्ष केपी शर्मा ओली र ईश्वर पोखरेलको गरी दुई गुट स्पष्ट देखिन्छ । स्रोतका अनुसार अरविन्द सिंह ईश्वर पोखरेलको गुटबाट केन्द्रीय सदस्य लड्ने तयारीमा छन् । प्रभु हजारा, निर्मला देवकोटा र राजकुमार गुप्ता केपी ओलीको गुटबाट केन्द्रीय समितिमा चुनाव लड्ने तयारीमा छन् । सरावगी २०७४ सालमा तत्कालीन मधेसी जनअधिकार फोरमको तर्फबाट वीरगन्ज महानगरपालिकाको मेयर पदमा निर्वाचित भएका थिए । २०७९ सालको स्थानीय तहको निर्वाचनमा भने उनी नेकपा एमालेबाट मेयर पदमा उम्मेदवार बनेका थिए र करिब २४ हजार मत प्राप्त गरेका थिए ।

## गठबन्धन आगामी निर्वाचनसम्म कायम रहने, विकास र सुशासनमा जोड : मुख्यमन्त्री यादव




**बीरगन्ज २२ मंसिर ।** मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी निर्वाचनसम्म मधेश प्रदेशको गठबन्धन कायम रहने बताएका छन् । रौतहटको गौरमा नेपाली कांग्रेसले आयोजना गरेको स्वागत तथा अभिनन्दन कार्यक्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै मुख्यमन्त्री यादवले सात दलीय गठबन्धन मजबुत रहेको र एकजुट भएर काम गर्ने बताए । गठबन्धनको छलफलकै आधारमा मन्त्रीमण्डल विस्तार गर्ने समेत उनले बताए । स्वागत कार्यक्रममा बोल्दै उनले मधेशमा रहेको बेथितिको अन्त्य गर्न आफूले ठोस कदम चाल्ने बताए । 'यस प्रदेशमा रहेका बेथितिहरू हटाएर सुशासन कायम गर्ने मेरो पहिलो प्राथमिकता रहनेछ,' मुख्यमन्त्री यादवले भने, 'प्रदेशको विकासका लागी सबै किसिमका चुनौतीहरूको सामना गर्दै म अगाडि बढ्नेछु ।' उनले मधेशमा समस्याको चाङ रहेको चुनौतीहरूलाई पार गर्दै रोकिएका विकासका योजनाहरू अगाडि बढाउने र नयाँ योजना तथा रणनितिलाई अगाडी ल्याउने बताए । शिक्षा, स्वास्थ्य र कृषिलाई पहिलो प्राथमिकतामा राखेर आफूले काम गर्ने समेत उनले बताए । मधेश प्रदेशको छैंठौ मुख्यमन्त्रीको रुपमा कार्यभार सम्हाले पछि आज गृहजिल्ला रौतहटका आएका यादवले विभिन्न शक्तिपीठहरूमा पूजा अर्चना समेत गरेका छन् । मुख्यमन्त्री यादवलाई स्थानियहरुले जिल्लाका अलग अलग स्थानमा कार्यक्रम आयोजना गरेर सम्मान गरेका छन् ।

## आन्तरिक राजस्व कार्यालय स्थापनाको माग गर्दै व्यवसायी र जेन-जी आन्दोलित



**जनकपुर २२ मंसिर ।** राजविराजमा करदाता सेवा कार्यालय खारेज गर्ने सरकारी निर्णयको विरोधमा स्थानीय व्यवसायी र जेन-जीहरूले सोमबार जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना दिएका छन् । सरकारको निर्णयपछि उनीहरूले संघर्ष समिति गठन गरी आन्दोलन सुरु गरेका छन् । आइतबार दुई घण्टा धर्ना दिएको समितिले सोमबार तीन घण्टा धर्ना दिएको छ र मंगलबारदेखि स्थानीय तह र कार्यालयको सम्पूर्ण कामकाज ठप्प पार्ने चेतावनी पनि दिएको छ । संघर्ष समितिका संयोजक मोहन यादवले बताएअनुसार, "सरकारले षड्यन्त्रपूर्वक करदाता सेवा कार्यालय खारेज गरेपछि करदाताले समस्या भोग्नुपरेको छ । यहाँ ७२ हजारभन्दा बढी करदाता छन् र २०७८/७९ मा कर राजस्व एक अर्ब रुपैयाँभन्दा बढी संकलन भएको थियो, तर सेवाहरू यहाँबाट हटाइयो । हाम्रो माग सम्बोधन नभए थप सशक्त आन्दोलन गर्नेछौं ।" जेन-जी र व्यवसायीहरूले गत शनिबार पत्रकार सम्मेलनमार्फत आन्दोलनको कार्यक्रम सार्वजनिक गरेका थिए । यसअघि सप्तरी उद्योग वाणिज्य संघको नेतृत्वमा कात्तिक २२-२७ सम्म सेवा कार्यालय खारेजविरुद्ध हस्ताक्षर संकलन गरी प्रमुख जिल्ला अधिकारीमार्फत अर्थमन्त्रीसम्म बुझाइएको थियो । राजविराजस्थित आन्तरिक राजस्व कार्यालय जनयुद्धकालमा आफ्नै भवनमा थियो । लहान सरेपछि २०७५ मा यहाँ करदाता सेवा कार्यालय स्थापना गरिएको थियो । तर हालको सरकारले यो कार्यालय खारेज गर्ने निर्णय गरेपछि व्यवसायी र जेन-जीहरू आन्दोलित भएका हुन् ।

## मधेसमा ९ हजार ६९२ हेक्टर वन अतिक्रमण, पुरानो वन फिर्ता ल्याउन चुनौतीपूर्ण



**बीरगन्ज २२ मंसिर ।** विभिन्न कालखण्डमा मधेस प्रदेशका आठ जिल्लामा वन क्षेत्र ठूलो मात्रामा अतिक्रमणमा परेको छ । संघीयता लागू भएको दशक बितिसक्दा पनि ऐतिहासिक रूपमा अतिक्रमित वन फिर्ता ल्याउने काम चुनौतीपूर्ण नै देखिएको छ । प्रदेशका अधिकारीहरूका अनुसार नयाँ अतिक्रमण रोकिएको भए पनि पुरानो वन फिर्ता ल्याउन प्रशासनिक, कानुनी र राजनीतिक सबै तहमा जटिलता रहेको छ ।

उपलब्ध तथ्यांकअनुसार सन् २००२ सम्म मधेस प्रदेशमा पाँच हजार ५३६ दशमलव ४१ हेक्टर वन जमिन अतिक्रमणमा परेको थियो । सन् २००२ देखि २०१२ सम्म थप तीन हजार ९७७ दशमलव १७ हेक्टर वन क्षेत्र कब्जामा पर्‍यो । त्यसपछि सन् २०१२-२०२३ भित्र पनि १७९ हेक्टर वन अतिक्रमण भयो । योसँगै २०२३ सम्म मधेस प्रदेशमा जम्मा नौ हजार ६९२ दशमलव ५९ हेक्टर वन क्षेत्र व्यक्तिगतरूपमा वा विभिन्न संरचनाका नाममा कबजामा परेको छ । आठ जिल्लामध्ये तीन हजार २३ दशमलव १४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको सर्लाही शीर्षमा छ । त्यसपछि रौतहटमा एक हजार ७१० दशमलव ९२ हेक्टर, धनुषामा एक हजार ६५८ दशमलव ६४ हेक्टर, बारामा एक हजार २०३ दशमलव ०२ हेक्टर, सिरहामा ९७६ दशमलव ३४ हेक्टर, महोत्तरीमा ६३९ दशमलव ७१ हेक्टर, पर्सामा ४६८ दशमलव १४ हेक्टर र सबैभन्दा कम सप्तरीमा १२ दशमलव ६४ हेक्टर वन अतिक्रमणमा परेको तथ्याङ्क छ । मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव जीवनाथ पौडेलका अनुसार संघीयतापछि नयाँ अतिक्रमण रोकिएको भए पनि पुरानो वनक्षेत्र फिर्ता ल्याउन सहज अवस्था छैन ।उनका अनुसार प्रदेश सरकार एक्लैले अतिक्रमित वन हटाउन नसक्ने र गृहमन्त्रालय, राजनीतिक दल तथा स्थानीय निकायको समन्वय आवश्यक पर्ने देखिएको छ । संघीयता आएपछि भूमि संघीय सरकारले हेर्ने र रूख/बिरुवा प्रदेश सरकार मातहत पर्ने व्यवस्था कायमै छ । वन ऐन २०७६ र प्रदेश वन ऐन २०७७ बीच अधिकार क्षेत्र बाझिनाले कार्यान्वयनमा समस्या परेको प्रदेश सरकारले बताउँदै आएको छ । प्रदेश वन निर्देशनालयका निर्देशक जगन्नाथप्रसाद जयसवालका अनुसार पर्सामा मात्रै ४६८ दशमलव १४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको डिभिजन वन कार्यालय पर्साले जनाएको छ । सबैभन्दा धेरै अतिक्रमण ठोरी क्षेत्रमा–दुई सय दशमलव ७० हेक्टर–भएको छ । त्यसपछि गादीमाई साझेदारी वन (१६७.६८ हेक्टर), मधुवन क्षेत्र (३२.४७ हेक्टर), सबैया साझेदारी वन (२२.२३ हेक्टर) र बिन्दवासिनी साझेदारी वन (१२.०६ हेक्टर) अतिक्रमणमा छन् । वन अधिकृत मञ्जुर अहमदका अनुसार माओवादी द्वन्द्वकालमा पर्सामा सबैभन्दा धेरै वन अतिक्रमण भएको इतिहास छ । स्थानीय संरचना निर्माण, धार्मिक स्थल र विद्यालय विस्तारका नाममा समेत वनक्षेत्र कटान भएको पाइन्छ ।

## जसपा नेपाल पर्सा जिल्ला प्रशासन कार्यालय अगाडि ३५ बुँदे मागसहित धर्ना



**बीरगन्ज २२ मंसिर ।** ३५ बुँदे मागसमेत राख्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल पर्साले आइतबार जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना कार्यक्रम सम्पन्न गरेको छ । समान जनसङ्ख्याका आधारमा संसदीय-प्रादेशिक निर्वाचन क्षेत्र पुनः निर्धारण लगायत राजनीतिक, सामाजिक तथा संरचनागत सुधारको मागसहित बिहान साढे ११ बजेदेखि दिउँसो ३ बजेसम्म धर्ना चलाइएको जसपा पर्सा अध्यक्ष रामनरेश यादवले बताए । यादवका अनुसार हिमाली क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्ने, राज्य पुनसंरचना उच्चस्तरीय आयोग (२०६८) को प्रतिवेदन आधारमा (१०+१) संरचना कायम गर्ने, संविधान संशोधनमार्फत राष्ट्रिय-जातीय पहिचान समेट्ने तथा प्रदेशमा स्वशासन र संघमा साझेदारी प्रणाली लागू गर्ने पार्टीका प्रमुख माग हुन् । त्यस्तै दलित, महिला र अल्पसङ्ख्यक समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्र, पूर्ण समानुपातिक प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, समावेशी संसद, राष्ट्रिय सभा जनसङ्ख्या अनुपातमै गठन, स्थानीय तहको अधिकार विस्तार र सेवामा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भनिएको छ । जेन-जेड आन्दोलनका मुद्दा सम्बोधन, आन्दोलनमा भएको दमन, हिंसा र आगजनीको छानबिन, भ्रष्टाचार नियन्त्रण,

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगञ्ज,१२,पर्सा
Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# ताजा जनादेशको सुनिश्चितता

राजनीतिक विकासक्रम सरल रेखामा मात्र विचरण गर्दैन । यसले कहिलेकाहीँ कठिन मोड र घुम्ती पनि पार गर्नु पर्छ । त्यसले धमिलिएको राजनीतिक प्रवाहलाई शुद्धीकरण गर्ने छ । विकास र समृद्धिमा मार्ग पहिल्याउने छ । लोकतान्त्रिक अभ्यासलाई अझ खँदिलो बनाउने छ । भदौ २३ गतेको युवा विद्रोह र २४ गतेको हिंसात्मक परिवेशले तत्कालीन सरकार विस्थापित भयो । सुशासन र प्रतिनिधि सभाको ताजा जनादेशको कार्यभारसहित नयाँ अन्तरिम सरकार बन्यो । सरकारले फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्न तयारीलाई तीव्रता दिएको छ । निर्वाचन आयोगले नयाँ मतदाता नामावली सङ्कलन र राजनीतिक दलको दर्ता प्रक्रिया पूरा भएको छ । राजनीतिक दल आन्तरिक तयारी तीव्र पार्दै छन् । जोस र जाँगरका साथ नयाँ राजनीतिक दलको उदयले आयामिक आशा जगाउने विश्वास गरिँदै छ । पुराना राजनीतिक दल युवा विद्रोहको मर्म र मूल्यलाई अनेक ढङ्गले आत्मासात् गर्ने यत्न गर्दै छन् । पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई अनेक तरहले सम्पादन गर्न लागिरहेका छन् । पार्टीहरूमा एकीकरण र विलयका अनेक परिघटना अगाडि बढेका छन् । सरकारले नवपुस्ता, राजनीतिक दल र निर्वाचन आयोगसँगै राखेर निर्वाचनको सुनिश्चितताका निम्ति वातावरण बनाइरहेको छ । निर्वाचनको सुनिश्चितता र विश्वासको वातावरण बनाउने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार सर्वपक्षीय छलफल गर्नुभयो । प्रधानमन्त्री निवास बालुवाटारमा भएको यो छलफल मूलतः निर्वाचनको तयारीमै केन्द्रित थियो । निर्वाचन आयोग, दलका नेता, जेनजी अगुवासँगै सुरक्षा निकायका प्रमुख एकै ठाउँमा बसेर गरिएको छलफलले नयाँ आयाम दिएको छ । यसअघि पनि सुरक्षा निकाय, राजनीतिक दल, नवपुस्ताका प्रतिनिधि, निर्वाचन आयोगका पदाधिकारीलगायतसँग अलग अलग बैठक भएका थिए । ती बैठकले क्रमशः नवीन वातावरण बनाउँदै लगेको थियो । निर्वाचनको वातावरण विकसित गरेको थियो । शुक्रबारको आयामिक बैठकले निर्वाचन सुनिश्चितताका निम्ति नयाँ इँटा थपेको छ ।

विश्वास दरिलो बनाएको छ । छलफलमा प्रधानमन्त्री कार्की, मन्त्रीपरिषद् सदस्यसँगै निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, नेपाली कांग्रेसका महामन्त्री गगन थापा, नेकपा (एमाले) महासचिव शङ्कर पोखरेल, रास्वपा नेता शिशिर खनाल, सुरक्षा निकायका प्रमुखलगायतको उपस्थितिले आपसी विश्वासलाई सघन बनाउन सहयोग गरेको छ । बैठकमा सबैको भनाइ सुनेपछि प्रधानमन्त्री कार्कीले निर्वाचनप्रति सबैको प्रतिबद्धता रहेको स्पष्ट गर्नुहुँदै कहीँकतै आशङ्का भए तिनको पनि निरूपण गर्न सहयोग पुग्ने बताउनुभयो । प्रधानमन्त्रीले विशिष्ट परिस्थितिमा यो सरकार बनेको र यसले निर्वाचन सम्पन्न गरी नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्ने मूल उद्देश्यप्रति सुस्पष्ट पार्नुभयो । यसले निर्वाचनको वातावरण सुनिश्चित गर्ने विश्वास झन् बढेको छ ।विश्वका कतिपय मुलुकमा अप्रत्याशित सत्ता परिवर्तनपछि निर्वाचन अलमलमा परेको उदाहरण अनेक छन् । बङ्गलादेश पनि यसमा ताजा उदाहरण छ । सत्ता पलटपछि झन्डै डेढ वर्ष पुग्न लाग्दा चुनाव हुन सकेको छैन । बरु हिंसात्मक घटना बढ्ने आशङ्का भइरहेको छ । यस्तो परिवेशमा नेपालमा शान्तिपूर्वक निर्वाचनको वातावरण अगाडि बढाउने संवाद र सहमतिलाई मूल आधार बनाइएको छ । सरकारले नै यसको नेतृत्व गरिरहेको छ । निर्वाचन आयोगले तयारीलाई तीव्रता दिएको छ । फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचनसँगै आयोगले आगामी पुस ११ गते राष्ट्रिय सभाको निर्वाचनको मिति तय गरी तयारी गरिरहेको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभा निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले शुक्रबार केही निर्देशन पनि जारी गरेको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका दललाई यस्तो निर्देशन आवश्यक थियो । आयोगले निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न भनेको छ । त्यस क्रममा निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एक तिहाइ नघट्ने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवं लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्ने छ ।

यसले विगतका कतिपय कमजोरी सुधार्न पनि सहयोग गर्ने छ । दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुऱ्याउने नीति अख्तियार गर्ने दिशामा पनि ध्यान दिनुपर्ने छ । राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान् रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि नगर्न आयोगले भनेको छ । यी सबै कार्यले ताजा जनादेशको वातावरण सुसङ्गठित हुँदै छ ।

# मस्तिष्कको सबलीकरण अर्थात् हिंसामा न्यूनीकरण



**गायत्री लम्साल**

एकातिर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ, अर्कोतिर मंसिर लागेदेखि नै विवाह संस्कारका नाममा कन्यादान दिनेहरूको घुइँचो छ । कस्तो विडम्बना ! सृष्टि सुचारु राख्न जोइपोइको आवश्यकता हुन्छ, तर विवाह गर्ने सवालमा छोरीलाई अझै दानका रूपमा लिनु र दिनुलाई के भन्ने ? 'पाले पुण्य मारे पाप' भन्दै खुट्टाको पानी खाएर आफ्नी छोरीलाई 'तथास्तु' कहने बुबा-आमा र सिंगो समाज भएसम्म लैंगिक हिंसालाई मद्दत पुगिरहन्छ । प्यारा छोरीहरू ! उपयुक्त समयमा विवाह गर्नुपर्छ, तर विवाह भएर पतिको घर जानैपर्छ भन्ने सोचबाट माथि उठ्नु जरुरी छ । अब आवश्यकताअनुसार कहिले पतिको घर त कहिले पत्नीको घर अर्थात् 'बुबा-आमा, छोरा-बुहारी, छोरी-ज्वाइँ, दुवैतिरका नाति-नातिना सबै समान हैसियतका परिवारका सदस्य हुन्' भन्ने मानसिकता र व्यावहारिकता निर्माण गर्नुपर्छ । हालै एक वैवाहिक कार्यक्रममा सहभागी हुन गएकी थिएँ । स्वयम्बरका बेला बेहुलीले बेहुलालाई हरियो र फ्रेस दुबोको माला राम्रो किस्तीबाट झिकेर लगाइदिइन् । अर्कोतिर बेहुलाले आफूले घाँटीमा लगाइराखेको माला (जुन सुकिसकेर दुबोको हो वा अन्य केहीको, चिन्नसमेत नसकिने अवस्थाको थियो) सोही बेहुलीलाई लगाइदिए । सुधार भन्ने विषय यहीँबाट सुरु गर्नुपर्छ । कि त दुवैले सुरुमा आफूले लगाएकै माला साटासाट गर्नु राम्रो कि बेहुलाले पनि बेहुलीलाई नयाँ माला लगाइदिनुपर्छ । विषय विवादको होइन, सानो छ । तर, समानताका लागि यस्तै-यस्तै कामकुरामा परिवर्तन हुनु जरुरी हुन्छ । त्यसैगरी विवाहका बेला जुत्ता लुकाउने जुन संस्कार छ, त्यो राम्रो होइन । केही रूपमा रमाइलो र केही रूपमा पैसा प्राप्त गर्ने लोभले भेनाको जुत्ता सालीले लुकाउने खराब प्रचलन व्यापक छ, जसले गर्दा 'गुन्द्रुक पकाउनै पर्दैन, साली फकाउनै पर्दैन' भन्ने जस्ता महिलालाई हिंसा गर्न उन्मुख उखानटुक्का प्रचलनमा छन् । प्यारा छोरीहरू ! यो विषय बुझ्नु– 'सित्तैमा कसैले केही दिँदैन, यदि दिन खोज्यो भने सोच्नु, उसले आफूलाई हिंसा गर्ने अवसर खोजेको छ ।' त्यसैले अरूको केही लोभ नगर्ने र आफू सबै विषयमा सक्षम बन्न सकियो भने कसैले पनि हिंसा गर्ने आँट गर्न सक्दैन । यहाँ त जन्मेदेखि नै आफ्नै घरबाट सुरु हुन्छ, छोरीलाई दबाउने काम । छोरी स्वतन्त्र भएर, आफ्नै पौरखमा उन्मुक्त भएर बाँचेको हाम्रो समाजलाई कहिले पच्ला ? छोरीको खुसीमा घरपरिवार र आफन्तले आनन्द मान्ने अवस्था आउन अझै कति समय कुर्नुपर्ला ? छोरीले आफूलाई हरेक पल मारेर बचाएको 'घरपरिवारको इज्जतको मूल्य कम छैन' भन्ने मस्तिष्कको निर्माण कहिले होला ? हाम्रो समाजका सोच, विचार, चिन्तन, शैली, संस्कार र संस्कृति सबै पुरुषमैत्री छन् । प्रविधिको विकाससँगै महिलाद्रोही सोच, विचार र आनीबानीमा सुधार आउनुपर्ने हो, तर आएको छैन । हिंसाका स्वरूपमा झन् विविधता थपिएका छन् । हिंसा बहुआयामिक विषय हो । आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक, प्राविधिक, वातावरणीयलगायतका सबै आयामबाट हुने हिंसाको व्यापक अध्ययन र विश्लेषण हुन सक्नुपर्छ । आज एक्काइसौं शताब्दीका हामीले प्रविधिलाई हातमै खेलाएका छौं, तर त्यसबाट सकारात्मक ऊर्जा लिएर मानसिकतामा सशक्तीकरण गर्न सकेका छैनौं । आफ्नो क्षमता अभिवृद्धिका लागि गरिने लगानी सर्वोत्कृष्ट लगानी हो । यसमा कहिल्यै घाटा हुँदैन । आफूले आफूलाई गरेको मायाले कहिल्यै घात गर्दैन भन्ने हामीले अझै बुझेनौं । समाजमा दण्डहीनताको अवस्था कायमै छ । हाम्रो समाजमा जोसँग पैसा छ, उसले जे गरे पनि जायज हुन्छ र जो कमजोर छ, उसलाई गल्तीबिनै हिंसा सहन बाध्य पारिन्छ । काम गर्ने नैतिकवान् व्यक्तिको गनितो मानितो हुन्न हाम्रो समाजमा । परिश्रम नगरीकनै पैसा थुपारेका भ्रष्ट व्यक्तिकै सामाजिक मूल्य बढी छ, जसले गर्दा पीडक 'भाले' भएर बासिरहने र पीडितले बिनाकारण हिंसा खेप्दै सामाजिक बहिष्करणमा परिरहने अवस्था सिर्जना भएको छ । पीडकविरुद्ध शून्य सहिष्णुताको सोच कहिले जन्माउने ? विवाह संस्कारका नाममा के हामीले अझै पनि हाम्रा छोरीहरूलाई असल कुलघरानको, टन्न सम्पत्ति भएको, जीउडाल खाइलाग्दो भनेर खराब व्यक्तिको हातमा सुम्पने ?छोरी जन्माउने बुबा-आमालाई विशेष अनुरोध छ- आफ्नी छोरीलाई छोरासरहकै मायाममता, अवसर, पहुँच, लगानी गर्नुहोस् कि यसले छोरीलाई सक्षम, आत्मनिर्भर, स्वस्थ हुनुसँगै र पैसा कमाउने सीप पनि दिलाओस् । अनि ढुक्क बस्नुहोस्– ज्वाइँ तपाईंले खोजिदिनु पर्दैन । आवश्यकता महसुस भएपछि छोरी आफैंले आफूअनुकूलको ज्वाइँ खोज्ने छे । छोरीलाई सबै विषयमा सक्षम बनाएपछि ऊमाथि कसैले हिंसा गर्दैन । यहाँ त जतिबेला पनि छोरीलाई कमजोर बनाउने अनि ज्वाइँ बलियो खोज्ने नराम्रो प्रचलनले गर्दा हिंसाले उग्र रूप लिएको हो । हिंसा न्यूनीकरणका लागि सर्वप्रथम हरेक घरबाट छोराछोरीलाई समान व्यवहार गर्नु जरुरी छ । दुवैलाई समान अवसर र पहुँचको व्यवस्था गर्नुपर्छ । नैतिक आचरण र नैतिक शिक्षा दुवैलाई सिकाउनुपर्छ । अहिले हाम्रो समाजमा हुने गरेको 'तिमी छोरी हौ- त्यसैले सुस्त बोल, सुस्त हिँड, धेरै काम गर, साँझपख बाहिर ननिस्क, जस-जसले जे-जे भने पनि मुख नफर्काऊ' जस्ता धेरै कुराको स्कुलिङ नै छोरीमाथिको मानसिक हिंसा हो । सृष्टिका समान हिस्सेदार 'जन्मँदै एउटा बलियो र अर्को कमजोर हुन्छ' भन्नु अरू केही होइन, हाम्रै मानसिकताको कमजोरी हो ।अलिकति गम्भीर भएर सोचौं त- महिलालाई हेर्ने सवालमा, महिलालाई सोच्ने सवालमा, महिलालाई गर्ने व्यवहारको सवालमा

बाँकी तेश्रो पृष्ठमा⇨

# "एलिट डकुमेन्ट " नहोस् संविधान


**प्रकृति गिरी**

भदौमा भएको विद्रोहपछि जेन-जीलाई राजनीतिक दलदेखि बुद्धिजीवीसम्मले निरन्तर एउटा आरोप लगाउँदै आएका छन्- 'यो पुस्तालाई संविधानका बारेमा केही थाहा छैन, संविधानको राजनीतिक पृष्ठभूमि नै थाहा छैन, गणतन्त्र कसरी आयो भन्ने पनि थाहा छैन ।' विद्रोहपछि सरकारले गरेको वार्तामा जेन-जीको प्रतिनिधित्व गरेका केही व्यक्तिहरूका सार्वजनिक वक्तव्यले पनि यस धारणालाई थप बल दिएको छ । व्यक्तिगतचाहिँ म खुसी छु, किनभने राजनीतिक दल र बुद्धिजीवीहरू अन्ततः आफ्नो सानो संसारबाट बाहिर निस्किएर कमसेकम यो पुस्ता के सोच्दो रहेछ, कसरी सोच्दो रहेछ भन्ने कुरा मनन गर्न थालेका छन् । तर आलोचना गर्दैगर्दा उनीहरूले बिर्सिएका छन् कि अहिलेसम्म संविधान वा यसको पृष्ठभूमि जनतासम्म, विशेषगरी हाम्रो पुस्तासम्म पुऱ्याउन उनीहरूले के गरे त ? चिया पसलमा बसेर कहिलेकाहीँ नेपालको राष्ट्रियता, स्वाधीनता, संवैधानिक सर्वोच्चता जस्ता शब्दहरू प्रयोग गर्न मलाई पनि रमाइलो लाग्छ । त्यतिबेला संसारको सारा ज्ञान मभित्रै छ कि क्या हो जस्तो लाग्छ । सायद कुनै चौरमा स्टेज बनाएर, आफूलाई जी-हजुरी गर्ने कार्यकर्ता भेला पारेर, यस्तैयस्तै शब्दावलीयुक्त भाषण दिँदा हाम्रा राजनीतिज्ञलाई पनि सबै ज्ञान आफूभित्रै छ कि क्या हो जस्तो लाग्दो हो । त्यसैले होला अहिले आएर उनीहरू यो पुस्तालाई 'यो पनि थाहा छैन, त्यो पनि थाहा छैन' भनेर आरोप लगाइरहेका छन् । तर, त्यो उनीहरूमा 'भरिएको' ज्ञान समाजमा फैलाउने जिम्मेवारी पनि उनीहरूकै थियो । राज्यको वा राजनीतिक दलहरूको जिम्मेवारी केवल संविधान लेख्नेसम्म सीमित हुँदैन, जनतालाई त्यो संविधान भएको अनुभूति पनि गराउनुपर्छ । संविधानलाई कानुनी भाषामा 'लिभिङ डकुमेन्ट' भन्ने गरिन्छ, तर कागजमा लेखिएको संविधान आफैंमा जीवन्त भने हुँदैन । यसलाई साँच्चिकै 'लिभिङ' बनाउन दलहरूको राजनीतिक इच्छाशक्ति र जनतामाझ संवैधानिक संस्कृतिको विकास आवश्यक हुन्छ तर संविधान कार्यान्वयन भएको एक दशक बितिसक्दा पनि हामीले संविधानलाई जीवन्त बनाउन आवश्यक यी दुवै काम भएको महसुस गर्न सकेनौं । संविधान लेख्दै गर्दा होस् वा लेखिसकेपछि संविधान सम्बन्धित छलफलहरू जनतासम्म धेरै पुग्न सकेको छैन । हामीमध्ये धेरैजना संविधानले सुनिश्चित गरेको सबैभन्दा आधारभूत कुरा, हाम्रो मौलिक हकसम्बन्धी विषयमा पनि सचेत छैनौं । कानुन पढेकै मान्छेलाई पनि कहिलेकाहीँ बुझ्न गाह्रो हुने संविधानको भावनात्मक स्वामित्व आम जनताले महसुस गर्ने कुरै भएन । हामी अहिले उभिएको अवस्थालाई हेर्दा संविधानलाई जीवन्त बनाउने कुरामा असफल भएको तथ्य नस्विकारेरै अगाडि बढ्न सकिँदैन । मलाई लाग्छ, यो असफलताको पछाडि अहिले संविधान कार्यान्वयनको प्रमुख जिम्मेवारी लिएका व्यक्तिहरूको पनि भूमिका छ । संविधान हामीलाई चाहिँदैन भनेर फालिदिन मिल्ने दस्तावेज होइन, तर यसलाई हिन्दु धर्मावलम्बीले भागवत गीता, बौद्ध धर्मावलम्बीले त्रिपिटक, मुस्लिम धर्मावलम्बीले कुरान वा क्रिस्चियन धर्मावलम्बीले बाइबल पूजा गरेको जस्तो पूजा गर्न पनि आवश्यक छैन । हामीले त्यस्तो गरेकै कारण अहिले संविधानको भावनात्मक स्वामित्व सीमित समूहमा संकुचित हुन पुग्यो । जनतासम्म संविधान पुऱ्याउने पहिलो जिम्मेवारी राज्यको थियो तर चुक्यो । हामी राजनीतिक र नागरिक समाजका व्यक्ति, कानुन व्यवसायी र कानुनका विद्यार्थी, जो संविधान हाम्रो हो भनी विश्वास गर्छौं, जो अस्तिको आन्दोलन वरपर संविधान जोगाउन अग्रपंक्तिमा थियौं, हामीले पनि संविधानलाई सधैं आम जनताबाट टाढा राख्यौं । संविधानको महत्त्व बुझाउने प्रक्रियामा 'तिमीहरूलाई थाहा छैन, मैले पढेको छु, मलाई थाहा छ' भन्दै गर्दा संविधान हाम्रो पेसागत क्षेत्रमा मात्र प्रयोग हुने एउटा 'एलिट डकुमेन्ट' का रूपमा प्रस्तुत हुन्छ र आम जनतासम्म त्यसको पहुँच अझै कम हुन्छ । हामी अहिलेसम्म पनि त्यही गरिरहेका छौं । संविधान मात्र होइन, हामी कहिलेकाहीँ आफ्नो पेसागत क्षेत्रसँग जोडिएका राज्यका अरू अंगहरूमा पनि एकाधिकार जमाउन खोज्छौं । मैले कुनै एउटा अंगलाई 'मन्दिर' भनेर महिमा गाउँदै गर्दा यदि कसैले त्यो ठाउँ 'मन्दिर' जस्तो महसुस गर्दैन भने उसले त्यसको अपनत्व कसरी लिने ? यो राज्यका हरेक संरचना उसको पनि त्यति नै हो, जति मेरो हो । यति धेरै अनियमितता हुँदा पनि हामीले केही ठाउँलाई अझै '

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा युक्रेनी नेता जेलेन्स्कीको आलोचना, युरोपेली सहयोगीसँग भेट्दै

**काठमाडौं २२ मंसिर ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुससँगको युद्ध अन्त्य गर्ने अमेरिकी प्रस्ताव नपढेको आरोप लगाएपछि युक्रेनी नेता भोलोदिमिर जेलेन्स्की र युरोपेली सहयोगीहरूले सोमबार लन्डनमा वार्ता गर्ने तयारी गरेका छन् ।मियामीमा युक्रेनी र अमेरिकी अधिकारीहरूबीच केही दिनदेखि भएको वार्ता शनिबार कुनै स्पष्ट सहमतिविना सकिएपछि यो छलफल भएको हो । वार्ताको अन्त्यमा जेलेन्स्कीले थप वार्ताका लागि प्रतिबद्धता व्यक्त गरेको बताइएको छ ।वार्तासँग परिचित एक अधिकारीले सोमबार एएफपीसँग भने, “करिब चार वर्ष लामो रूस-युक्रेन युद्ध अन्त्य गर्ने वार्तामा क्षेत्र अझै पनि ‘सबैभन्दा समस्याग्रस्त मुद्दा’ हो ।” राष्ट्रपति जेलेन्स्कीलाई बेलायती प्रधानमन्त्री केइर स्टार्मर, जर्मन चान्सलर फ्रेडरिक मर्ज र फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँले लन्डनमा स्वागत गर्नुहुनेछ ।स्टार्मरले भने, “उहाँले जेलेन्स्कीलाई ट्रम्प प्रशासनको नेतृत्वमा सम्झौता स्वीकार गर्न दबाब दिनुहुनेछैन । म राष्ट्रपतिलाई दबाब दिनेछैन ।”

उनले भने, “सबैभन्दा महत्त्वपूर्ण कुरा यो सुनिश्चित गर्नु हो कि यदि शत्रुताको अन्त्य हुन्छ भने, र म आशा गर्दछु कि यो न्यायपूर्ण हुनुपर्दछ र यो स्थायी हुनुपर्दछ, हामी आज ९सोमबार० दिउँसो छलफलमा केन्द्रित हुनेछौं ।”बेलायती विदेशमन्त्री यभेट कुपरले अमेरिकी समकक्षी मार्को रुबियोसँग सोमबार वासिङ्टन जाने कार्यक्रम रहेको छ । युक्रेनी अधिकारीहरूका अनुसार मस्कोले आफ्नो छिमेकीमाथि आक्रमण जारी राखेको छ, जसमा आइतबारदेखि सोमबारसम्म कम्तिमा नौ जना घाइते भएका छन् ।जेलेन्स्कीले मियामी वार्ताका क्रममा अमेरिकी दूत स्टिभ विटकोफ र जारेड कुश्नरसँग ‘धेरै ठोस र रचनात्मक’ कुराकानीका लागि आफ्ना वार्ताकारहरूसँग सामेल भएको बताउनुभएको थियो । जेलेन्स्कीले सामाजिक सञ्जाल टेलिग्राममा भनेका छने, “युक्रेन वास्तविक शान्ति ल्याउनका लागि अमेरिकी पक्षसँग इमान्दारीपूर्वक काम गर्न प्रतिबद्ध छ ।”ट्रम्पले आइतबार आफ्ना युक्रेनी समकक्षीको आलोचना गर्दै केही घण्टा अघि एक पत्रकार सम्मेलनमा भने, “मैले भन्नैपर्छ कि राष्ट्रपति जेलेन्स्कीले अझै प्रस्ताव नपढेकोमा म अलि निराश छु ।”विटकोफ र कुश्नरले गत हप्ता क्रेमलिनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गरेका थिए । सोमबारको वार्ताअघि फ्रान्सका राष्ट्रपति म्याक्रोँले रूसको ‘बढ्दो प्रभाव’ को आलोचना गर्नुभएको थियो । उनले एक्समा लेख्नुभएको छ, “हामी युक्रेनलाई सुरक्षा ग्यारेन्टी प्रदान गर्न अमेरिकीहरूसँग यी प्रयासहरू जारी राख्नेछौं, यो बिना कुनै बलियो र दिगो शान्ति सम्भव छैन । हामीले रूसलाई शान्ति छनौट गर्न बाध्य पार्न दबाब जारी राखेका छन् ।लगभग चार वर्षको युद्धको अन्त्य गर्ने वाशिङ्गटनको प्रारम्भिक योजनामा रुसले युद्धको मैदानमा जित्न नसकेको भूमि पनि त्यागनु (आत्मसमर्पण गर्नु) समावेश रहेको छ जुन सुरक्षा प्रतिज्ञाहरूको बदलामा नाटोमा सामेल हुने किएभको आकाङ्क्षाभन्दा कम छ । युक्रेनले प्राप्त गर्न सक्ने सुरक्षा ग्यारेन्टीको प्रकृति अहिलेसम्म किएभको रक्षा गर्न जेटहरू पोल्याण्डमा रहनसक्ने प्रारम्भिक योजनाभन्दा बाहिर अनिश्चिततामा डुबेको छ । ट्रम्पले जनवरीमा कार्यालय फर्केदेखि युक्रेनलाई फकाउने र हप्काउने नीति लिँदै आएका छन् । उनले सुरुमा जेलेन्स्कीलाई अमेरिकी समर्थनको लागि कृतज्ञ नभएकोमा आलोचना गरेका थिए ।

अलास्कामा शिखर सम्मेलन सहितरूसी नेता पुटिनलाई युद्ध अन्त्य गर्न मनाउने ट्रम्पको प्रयासले परिणाम दिन असफल भएको छ र उनले हालै रूसी तेल कम्पनीहरूमाथि प्रतिबन्ध लगाउनुभएको छ । योजना सफल नहुँदा ट्रम्प पनि निराश भएको देखिन्छ ।“अमेरिकीहरूले युद्धविराम र शान्ति योजना ‘तत्काल’ गर्नुपर्ने जस्ता दबाब दिइरहेका छन् तर युक्रेन र उसका युरोपेली सहयोगी सार्वभौमिकतामाथि आँच आउने प्रस्तावमा सहमत हुन नसक्ने बताउँदैंदा ट्रम्प पनि निराश भएको देखिन्छ । “अमेरिकीहरूले युद्धविराम र शान्ति योजना ‘तत्काल’ गर्नुपर्ने जस्ता दबाब दिइरहेका छन् तर युक्रेन र उसका युरोपेली सहयोगी सार्वभौमिकतामाथि आँच आउने प्रस्तावमा सहमत हुन नसक्ने बताउँदै आएका छन्,” वार्ताबारे जानकार एक अधिकारीले भने ।

## जर्मनीको औद्योगिक उत्पादनमा अप्रत्याशित वृद्धि, अर्थतन्त्रमा सकारात्मक संकेत

**काठमाडौं २२ मंसिर ।**

जर्मनीको औद्योगिक उत्पादन अक्टोबरमा अप्रत्याशित रूपमा बढेको छ । फेडरल तथ्यांक संस्था डेस्टाटिसका प्रारम्भिक तथ्यांकअनुसार, कारखाना उत्पादन महिनामा १.८ प्रतिशतले बढेको छ, जुन सेप्टेम्बरमा भएको १.१ प्रतिशत बुद्धिभन्दा बढी हो ।

विश्लेषकहरूले अपेक्षा गरेका ०.५५ प्रतिशतको गिरावटको सट्टा यो धेरै सकारात्मक नतिजा हो । उत्पादन वृद्धिमा मुख्य योगदान निर्माण र मेसिनरी क्षेत्रले दिएका छन् । आईएनजीका अर्थशास्त्री कार्स्टेन ब्रेज्कीले भने,’दोस्रो लगातार महिनामा वृद्धि देखिनु औद्योगिक उत्पादनले अन्ततः तलबाट स्थिर हुँदै आएको संकेत हो ।’ तर अर्थतन्त्र मन्त्रालयले अझै सतर्क रहनुपर्ने बताए । मन्त्रालयका अनुसार घरेलु अर्डर भने बलियो छन्, तर विदेशी माग कमजोर छ । मन्त्रालयले जारी गरेको बयानमा भनिएको छ, ‘सेप्टेम्बर र अक्टोबरमा उत्पादनको सकारात्मक प्रवृत्ति देखिए पनि वर्षको अन्त्यतिर औद्योगिक गतिविधिमा ठुलो वृद्धि अपेक्षित छैन ।’

डेस्टाटिसका अनुसार, निर्माण क्षेत्रमा उत्पादन अक्टोबरमा ३.३ प्रतिशतले बढेको छ भने मेसिनरी र उपकरण निर्माणमा २.८ प्रतिशतको वृद्धि देखिएको छ । तर संकटग्रस्त मोटर उद्योगमा १.३ प्रतिशत गिरावट आएको छ । औद्योगिक अर्डर पनि अक्टोबरमा बढेको थियो, जसले भविष्यमा व्यवसाय गतिविधि बलियो हुने संकेत दिन्छ । यस वृद्धिमा जर्मनीले आफ्नो रक्षा सामग्रीको माग बढाएकोले ठूलो योगदान पुऱ्याएको छ ।

चान्सलर फ्रिड्रिक मर्जले दुई वर्षको मन्दीपछि अर्थतन्त्रलाई पुनः सक्रिय गर्न रक्षा र पूर्वाधारमा सार्वजनिक खर्च बढाएका छन् । यद्यपि केही आलोचकहरूले यो कदम सुस्त गतिमा अघि बढिरहेको ठान्छन् । जर्मनी सरकारले २०२५ मा अर्थतन्त्रले मात्र ०.२ प्रतिशत वृद्धि गर्ने र २०२६ मा यस खर्च वृद्धिको फाइदा उठाउँदै आर्थिक गति लिने अनुमान गरेको छ ।

## मस्तिष्कको सबली...

हाम्रो सोचाइ कति कमजोर छ ! महिलालाई मान्छेका रूपमा स्विकार्न सकेका छैनौं हामीले । उसलाई हरेक कामकुरामा नजरअन्दाज गरिन्छ । उसले हाँसेको, आफ्नो खुट्टामा उभिएको राम्रो-राम्रो कपडा लगाएको, मीठो खाएकोसमेत हाम्रो समाजलाई पच्दैन । आखिर यो ज्यादती कहिलेसम्म ? बलात्कार गरेर आउने छोरो असल, समाजको मर्द अनि बलात्कृत हुने छोरीले उसको परिवारको इज्जत बचाउने भन्दै ‘चुप्प लागेर बस्’ भन्नु अन्यायको पराकाष्ठा होइन ? अब सबै महिलाले आफूभित्रकै दुर्बलतासँग पनि लड्नु जरुरी छ । समय, परिश्रम र पैसाको लगानी हुनुपर्छ- हरेक महिलाले आफ्नो मानवीय मूल्य अभिवृद्धि गर्न । शारीरिक र मानसिक स्वास्थ्य राम्रो राख्न सरसफाइ, योगाभ्यास, ध्यान सिकौं । राम्रो हुन महँगा कस्मेटिक सरसामान प्रयोग नगरौं । स्वस्थकर खानेकुरा खाऔं । मस्तिष्कमा आत्मबलसहितको सकारात्मक ऊर्जा भरौं । आफूले आफैंलाई माया गर्न सिकौं । अरूको इर्ष्या, चियोचर्चो, देखासिकी, कुरा काट्ने, खुट्टा तान्ने बानी पटक्कै नगरौं । यसले आफैंलाई कमजोर बनाउँछ । आफैंलाई सहज हुने र मानवीय मूल्य बढाउन समय खर्च गरौं । राम्रो काम गर्न ‘अरूले के भन्लान् ? समाजले के भन्ला ?’ को कमजोर मानसिकतामा हराएर आफैंमाथि अन्याय नगरौं । हरेक कामकुराको केन्द्रबिन्दुमा आफैंलाई राखौं । मेरी एक जना साथी छिन् । उनको नाममा आफ्नै कमाइको घर थियो । पतिसँगको दैनिक खटपटले चौबिस वर्षको वैवाहिक जीवनमा ब्रेक लाग्यो । डिभोर्स गर्ने सवालमा उनले आफ्नो नामको घर छोराछोरीको नाममा दिइन् । अफसोच ! जग्गाधनी प्रमाण पुर्जामा जीवन जोगाउन जोसँग डिभोर्स गरिन् ऊलगायत तीनपुस्ते पुरुषकै नाम लेखियो, तर उनको नाम नामेट भयो । हुन त पछि उनको डिभोर्स पतिले केही महिनामै अर्की श्रीमती ल्याएर छोराछोरीलाई पुनः दुःख दिन थालेपछि, छोराछोरीले सो घर साथीकै नाममा फिर्ता दिए । यो त एउटा प्रतिनिधि घटना मात्रै हो । यहाँ भन्न खोजेको के भने अहिलेको नागरिकता प्रमाणपत्रमा आमा र बुबा दुवैको नाम भएजस्तै जग्गाधनी प्रमाण पुर्जा, विद्यालयदेखि विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्रलगायत अन्य सबै कागजातमा बुबा-आमा दुवैको नाम अनिवार्य हुनुपर्छ । यो नै विभेद घटाउने प्रस्थानबिन्दु हो ।साभार ईकान्तिपुर ।

## एलिट डकुमेन्ट............

मन्दिर’ नै बनाइराख्यौं भने त्यसलाई प्रश्न गर्ने हिम्मत कसले गर्ने ? त्यही प्रश्न नगरेका कारणले हामी आज यो अवस्थामा आइपुगेका हौं । आम जनताले संविधानप्रति अपनत्व महसुस गर्न, संविधानका आधारभूत मूल्य र मान्यताहरूलाई स्वीकार्नु मात्र होइन, व्यवहारमा पनि अनुभूति गर्नुपर्छ । वर्तमान संविधानलाई जनताको पहिलो संविधान भनेर मानिन्छ । ऐतिहासिक क्रान्तिपश्चात् नेपाललाई संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यका रूपमा स्थापना गरेको यस संविधानले धर्मनिरपेक्षता, जनतामा निहित सार्वभौमसत्ता, समावेशिता, स्वतन्त्र न्यायपालिका, विधिको शासन, जवाफदेहिता जस्ता लोकतान्त्रिक मूल्य र मान्यताको कल्पना गरेको छ । तर आज संघीयतादेखि जवाफदेहितासम्म सबै पक्षमा प्रश्न उठिरहेको छ । हुन त संविधान कार्यान्वयन भएको १० वर्ष मात्रै भएको छ र सफल देशका संविधानहरू सयौं वर्षसम्म निरन्तर चलिरहेकाले त्यसलाई सफल मानिन्छ तर १० वर्ष भइसक्दा पनि संविधानका आधारभूत कुराहरूमाथि नै जनताले प्रश्न उठाउनु भनेको संविधान सफल हुने लक्षण भने होइन । अहिले राज्यका केही मुख्य राजनीतिक सरोकारवाला नै संविधान वा यसको केही आधारभूत कुरा फाल्ने कि राख्ने भन्ने बहसमा छन् । हामी संविधानका पक्षधरहरू ‘तिमीहरूलाई केही थाहा छैन’ भन्नमै व्यस्त छौं । यो बहस यत्तिकै छोडिदिन पनि मिल्छ, तर त्यसो गर्दा भविष्यमा संविधान खारेज भयो वा यसको मर्म मर्ने गरी संशोधन भयो भने त्यसको जवाफदेहिताको दायित्व हामीसँग पनि हुनेछ । हुन त मैले अघि नै भनिसकेको छु, म न त संविधानलाई धर्मग्रन्थ जस्तो पूजा गर्ने, न राज्यका अरू अंगहरूलाई मन्दिर मान्ने कुरामा विश्वास राख्छु । साभार ईकान्तिपुर ।

## अण्डाको मूल्य.................

मंसिर ३ गते, त्यसपछि ७ गते र १३ गते मूल्य बढाएको थियो ।पछिल्लो पटक १३ गते ५४५ रुपैयाँ तोकिएको ठुलो अण्डाको मूल्य मंगलबारदेखि लागु हुनेगरी ५६५ रुपैयाँ कायम गरिएको छ । त्यस्तै ‘एक्स्ट्रा लार्ज’ (एक्स एल) अण्डाको मूल्य ५८० रुपैयाँ र मिडियम अण्डाको मूल्य ५५० रुपैयाँ प्रतिक्रेट पुगेको छ । छोटो समयमै पटक-पटक मूल्यमा भएको यो उतारचढावलाई नेपाल लेयर्स कुखुरापालक संघका अध्यक्ष विनोद पोखरेलले बजारको सामान्य चक्रको रूपमा व्याख्या गरेका छन् । रातोपाटीसँग कुरा गर्दै अध्यक्ष पोखरेलले अण्डाको मूल्य पूर्णतः माग र आपूर्तिको सिद्धान्तमा चल्ने बताए । ‘बजारमा माग बढ्दा र उत्पादन घट्दा मूल्य बढ्नु स्वाभाविक हो । अण्डा सिमेन्ट वा रडजस्तो लामो समय भण्डारण गरेर राख्न नमिल्ने भएकाले बजारको माग अनुसार महिनामै धेरैपटक पनि मूल्य तलमाथि हुन सक्छ,’ उनले भने । माग उच्च भएको अहिलेको अवस्थामा मूल्य बढ्दा किसानले राहत महसुस गरेको उनको भनाइ छ । संघले तोकेको यो मूल्य किसानले पाउने ‘ फार्म रेट’ मात्र हो । उपभोक्ताको भान्सासम्म पुग्दा यसको मूल्य अझै बढ्छ । अध्यक्ष पोखरेलका अनुसार फार्मबाट उपभोक्तासम्म पुग्दा ढुवानी भाडा, बाटोमा अण्डा फुट्ने जोखिम (ब्रेकेज) र वितरकको मार्जिन जोडिन्छ । ढुवानीका क्रममा प्रतिगोटा ५० देखि ७५ पैसा खर्च लाग्ने र एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा औसतमा एक क्रेटमा दुईवटासम्म अण्डा फुट्ने जोखिम रहने उनी बताउँछन् । यसबाहेक सप्लायर्स र खुद्रा बिक्रेताको नाफा समेत जोडिँदा उपभोक्ता मूल्य फार्म रेटभन्दा बढी पुग्छ । संघले चितवनलाई आधार मानेर यो मूल्य निर्धारण गरेको हो । चितवनबाट बाहिरी जिल्लाका डिपोमा अण्डा पुऱ्याउँदा भाडा, कार्टुन र क्रेटसहित प्रतिपेटी १३० रुपैयाँ थप शुल्क लाग्ने जनाइएको छ ।

## जसपा नेपाल पर्सा.............

सुशासन, पारदर्शिता र दोषीमाथि कानुनी कारबाही पनि जसपाका मागमा छन् । शिक्षा-स्वास्थ्यमा व्यापारीकरण बन्द, गुणस्तरीय सेवा र रोजगारीको व्यवस्था, विपन्न वर्ग र महिलाका लागि निःशुल्क शिक्षा-तालिम, बेरोजगारी भत्ता, युवा स्वरोजगार कार्यक्रम, बहुभाषिक नीति कार्यान्वयन, भूमिहीन-सुकुम्वासीलाई बासोबास, कृषिको व्यवसायीकरण र रासन कार्ड मार्फत सस्तो खाद्यान्न वितरणको माग गरिएको छ ।

यस्तै ऐतिहासिक मधेस आन्दोलन, थरुहट आन्दोलनलगायतमा लागेका मुद्दा खारेज तथा राजबन्दी रिहा गर्नुपर्ने माग पनि जसपाले प्रस्तुत गरेको छ । धर्ना कार्यक्रम दुई दिन–शुक्रबार र आइतबार–सञ्चालन गरिएको र कार्यक्रममा पूर्व मुख्यमन्त्री मोहम्मद लालबाबु राउत, शशी कपूर मियाँ, करिमा बेगम, घनश्याम गुप्तासहित स्थानीय नेता-कार्यकर्ताको उपस्थिति रहेको पार्टीले जनाएको छ ।

## मलद्वारमा हुने आम समस्या फिसर, के छ उपचार ?

मकहाँ आउनेमध्ये अधिकांशले भनिरहेका हुन्छन्, ‘ मलाई पायल्स भयो ।’ मलद्वारको समस्या हुनासाथ उनीहरुलाई यही लाग्छ । तर ‘मलाई पायल्स भयो’ भन्दै आउनेहरुमध्ये आधाजसोलाई अन्य समस्या देखिन्छ । जस्तो कि फिसर । यो पनि पायल्स जस्तै देखिन्छ । तर फिसरको प्रकृति र उपचार फरक हुन् । फिसरको बारेमा त्यति चर्चा हुने गरेको छैन, जति पायल्सको । त्यसैले यसबारे पनि बुझ्न जरुरी छ । के हो फिसर ? सामान्य भाषामा भन्नुपर्दा मलद्वार वरिपरि च्यातिनु वा फाट्नु फिसर हो । जसरी ओठ फाट्छ, त्यसरी नै मलद्वार फाटिने अवस्थालाई फिसर भनिन्छ । अर्थात् दिसा गर्ने ठाउँमा बन्ने घाउलाई नै फिसर भनिन्छ । यसको प्रमुख कारण कब्जियत हो तर बारम्बार शौचालय जानुपर्ने अवस्था पनि फिसर हुनसक्छ । त्यसबाहेक अत्यधिक जंकफुड खाने, तारेको, भुटेको पोलेको खानेकुरा खाने र माछामासु बढी खानेलाई यो हुनसक्छ । कति प्रकारको हुन्छ फिसर ? एक्युटफिसर : मलद्वारमा दुई-चार दिनदेखि एक महिनासम्म हुने अवस्थालाई एक्युटफिसर भनिन्छ । यसमा मलद्वारको बाहिर वा भित्री भागमा मासु पलाउने वा घाउ हुने गर्छ । यसको समयमा उपचार नभएको अवस्था क्रोनिक फिसर हुनसक्छ । क्रोनिकफिसर : ६ महिनादेखि एक वर्षसम्म दिसा गर्दा मलद्वारमा दुखाइ भइरहने अवस्थालाई क्रोनिक फिसर भनिन्छ । यसमा समयअनुसार फिसर विकसित हुँदै जान्छ । यसमा बाहिर छाला पलाएको हुन्छ । त्यसलाई जाँच नै पायल्स भनेर औषधि खाने गरिन्छ । संक्रमण भएको अवस्थामा फिसर बिग्रेर फिस्टुला हुनसक्छ । कसरी थाहा पाउने ? -दिसा गर्दा तीव्र दुखाइ महसुस हुने -दिसा गरिसकेपछि पनि घण्टौंसम्म दुखाइको महसुस हुने -मलद्वार चिलाउने र पोल्ने -दिसा गरिसकेपछि रगत देख्ने -पिप निस्किने -घाउ पाक्ने -मलद्वारको बाहिर र भित्री भागमा मासुको डल्लो पलाउने र कब्जियत भइरहनेलगायत लक्षण देखापर्छ । पायल्स र फिसर कसरी छुट्याउने ? मलद्वारमा मासु पलाएको छ, जुनभित्र वा बाहिर दुवै ठाउँमा पलाएको हुन्छ । अथवा मासुभित्र आफैं जान्छ वा बाहिरै मासु झुण्डिएको अवस्था छ भने त्यो फिसर हो । मलद्वारबाट दुखाइ भएर रगत गएमा त्यो फिसर हुनसक्छ ।

# माग सम्बोधनको आशामा उखु कृषक, तर सरकारी ढिलासुस्तीले उद्योग र किसान दुबै मारमा

**काठमाडौं २२ मंसिर ।** तराईका सयौं किसानका लागि जीवनधार बनेको उखुखेती अहिले आन्दोलन, अनिश्चितता र सरकारी ढिलासुस्तीको त्रिपक्षीय संकटमा छ । किसानले अनुदान पुनःस्थापना र न्यूनतम समर्थन मूल्य निर्धारणको माग गर्दै आन्दोलन चर्काएपछि ०८२/८३ को क्रसिङ सिजन देशभर नै प्रभावित भएको छ । गत वर्ष समयमै सञ्चालन भएको महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिलले ३१ लाख क्विन्टलभन्दा बढी उखु प्रशोधन गरेको थियो । तर यस वर्ष किसान आन्दोलन जारी रहँदा मिल पुस महिनापछि मात्रै चल्ने सम्भावना बढेको छ । उखु कृषकले मागहरू तार्किक र अनिवार्य भएको दाबी गर्दै आएका छन् । उखु उत्पादक कृषक महासङ्घका केन्द्रीय सदस्य महाशङ्कर थिङ भन्छन्– "उखुमाथि चिनी मिलले पाउँदै आएको ७० रुपैयाँ अनुदान घटाएर ३५ रुपैयाँमा झार्नु अन्यायपूर्ण मात्रै होइन, किसानलाई खेती छोड्न मजबूर पार्ने प्रयासजस्तै हो । हामीले प्रति क्विन्टल ७५० रुपैयाँ समर्थन मूल्य माग गरेका छौं, जुन वर्तमान महँगीमा न्यूनतम आवश्यकतामात्र हो ।" आन्दोलन चलिरहेकाले सुनसरीदेखि कञ्चनपुरसम्म रहेका करिब १३ वटा चिनी मिल क्रसिङ सुरु गर्न नपाई अल्झिएका छन् । एभरेष्ट चिनी मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरका अनुसार यी मिलले हरेक वर्ष १९-२० लाख क्विन्टल चिनी उत्पादन गर्दै आएका छन्, ।


## जिराभवानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

सेढवा , पर्सा

मधेश प्रदेश, (नेपाल)

## कर्मचारी आवश्यका सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२।०८।२३ गते

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य बिभिन्न सचेतनामूलक कार्यहरु सम्पादन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माँग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्द्रह) दिन भित्र कार्यालय समयमा रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्न आहवान गरिएको छ ।

| विज्ञापन नं. | रिक्त पद | संख्या | न्युनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०१-०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | १ | - मान्यता प्राप्त शैक्षिंक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफनर्स वा मान्यता प्राप्त बिश्यबिद्यालयबाट पब्लिक हेल्थ, नर्सिग, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुवेट डिप्लोमा ईन काउन्सेलिंग उतिर्ण गरेको<br>-मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकालाई विशेष प्राथमिकता दिईनेछ ।<br>- कम्प्युटर सम्बन्धी आधारचुत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Emalif\, Internet आदी) भएको नेपाली तथा अग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने<br>- स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने ।<br>-सामाजिक क्षेत्र वा बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ०२-०८२/०८३ | रिटर्नी स्वयम्सेवक। सामाजिक परिचालक(सहायक चौथो) | २ | -न्युनतम कक्षा १० पास गरी बैदेशिक रोजगारका लागि खाडी मूलुक वा मलेसियामा गई कम्तीमा १ बर्ष काम गरेको अनुभव भएको वा मान्यतता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा पनि ंद्द पास गरेको<br>- KOBO Application मार्फत घरघरमा गई काम गर्नुपर्ने ।<br>- स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने ।<br>- सामाजिक क्षेत्र वा बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |

कार्य अवधी : २०८३ अषाढ मसान्तसम्म तर आवश्यक्ता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।
परिक्षाको किसिम: लिखित, प्रयोगात्मक र अन्तवार्ताबाट छनौट गरिनेछ ।
आवेदन दस्तुर: मनोसामाजिक परामर्श कर्ताको लागि रु ५००। ( र रिटर्नी स्वयम्सेवक। सामाजिक परिचालकको लागि रु ३००। -
उमेर : १८ बर्ष पुरा भई ६० बर्ष ननाघेको ।
तलब तथा सुविधा:
१. मनोसामाजिक परामर्श कर्ता पदका लागि ( सहायक पाँचौ तह सरह
२. रिटर्नी स्वयम्सेवक वा सामाजिक परचालक पदको लागि ( सहायक चौथो तह सरह
पेश गर्नु पर्ने कागजातहरु:
१. मनोसामाजिक परामर्शकर्ता पदका लागि:
स्पष्ट पद सहित निवेदन पत्र, व्यक्तिगत बायोडाटा, नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रतिलिपी र तालिम प्रमाण पत्रको प्रतिलिपी
२. रिटर्नी स्वयमेसेवक वा सामाजिक परिचालक पदका लागि:
सपष्ट पद सहितको निवेदन , राहदानीमा Departure तथा **Arrival** को छाप लागेको प्रमाणको प्रतिलिपी, श्रम स्वीर्कति भएको प्रमाणको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी र तालिम तथा कार्य अनुभवको प्रमाणको प्रतिलिपी
छनौट प्रकृया: प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षा प्रकृयामा समावेश गरिनेछ र समावेशी भर्ना प्रकृया अवलम्बन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


# एमाले नेतृत्वमा लोकतान्त्रिक प्रतिस्पर्धा आवश्यक: उपाध्यक्ष पाण्डे

**काठमाडौं २२ मंसिर ।** नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले पार्टी नेतृत्व चयन खुला तथा लोकतान्त्रिक प्रतिस्पर्धाबाट हुनुपर्ने आवश्यकता औंल्याएका छन् । सोमबार बागबजार स्थित एक होटलमा आयोजित अन्तरसंवाद कार्यक्रममा बोल्दै उनले पछिल्लो समय पार्टीमा आन्तरिक लोकतान्त्रिक अभ्यास कमजोर बन्दै गएको आरोप लगाए ।पार्टीलाई सबल र सुदृढ बनाउन प्रतिस्पर्धा अनिवार्य हुने उल्लेख गर्दै पाण्डेले भने, "हाम्रो पार्टीमा प्रतिस्पर्धाबाट नेतृत्व छान्ने परम्परा कमजोर बन्न थालेको छ । यो प्रक्रियामा गम्भीर विचलन देखिन्छ ।" आसन्न ११औं महाधिवेशनलाई लक्षित गरी अध्यक्षका लागि उम्मेदवारी घोषणा गरिसकेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको समूहका नेताहरू सहभागी उक्त कार्यक्रममार्फत



पाण्डेले अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रको लोकतान्त्रिक वातावरण क्षीण पारेको दाबी गरे । उनले एमाले व्यक्तिवादी चरित्रतिर उन्मुख भइरहेको टिप्पणी गर्दै त्यसले पार्टीलाई दीर्घकालीन क्षति पुऱ्याउने चेतावनी दिए । "व्यक्तिवादले पार्टीको भविष्य अन्धकार बनाइदिन्छ । यसरी नै अघि बढे नयाँ पुस्ता आकर्षित हुँदैन," पाण्डेले भने । साथै, उनले कुनै पनि पार्टीमा दुई कार्यकालभन्दा बढी अध्यक्ष नबन्ने प्रावधान कानुनमै राखिनुपर्ने सुझाव पनि दिए । एमाले मात्रै होइन, अन्य दलीय संरचनामा पनि आन्तरिक लोकतान्त्रिक अभ्यास असन्तोषजनक रहेको उल्लेख गर्दै उनले संविधानमै पार्टी नेतृत्वको समयसीमा स्पष्ट हुनुपर्ने माग गरे ।

# बेलबारीमा दम्पतीलाई विष खुवाउने भतिजी बुहारी पक्राउ

**काठमाडौं २२ मंसिर ।** मोरङको बेलबारी-२ सिंहदेवी टोलमा शनिबार भएको दुःखद घटनाले स्थानीय समुदाय स्तब्ध बनेको छ । खानामा विष मिसाएर खुवाइएपछि ७७ वर्षीया इन्द्रमाया राईको ज्यान गएको छ भने उनका ७० वर्षीय पति भक्तबहादुर राई गम्भीर अवस्थामा अस्पतालमा उपचाररत छन् ।

शनिबार दिउँसो भक्तबहादुर राई घर नजिकैको खोल्सामा अचेत अवस्थामा फेला परेपछि स्थानीयले उद्धार गरी घर पुऱ्याएका थिए । घरमा उनकी पत्नी इन्द्रमायासमेत बेहोस अवस्थामा भेटिएपछि दुवैलाई तत्काल विराटनगरस्थित नोबेल मेडिकल कलेज लगिएको थियो । उपचारकै क्रममा इन्द्रमायाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डिएसपी हरिनन्दन चौधरीले बताए । भक्तबहादुरको अवस्था अहिले पनि चिन्ताजनक छ ।

प्राथमिक अनुसन्धानमा उनीहरूलाई खुवाइएका खाद्य पदार्थमा विष



मिसाइएको पुष्टि भएको प्रहरीले जनाएको छ । घटनास्थलमा रहेको खोरमा तीन कुखुरा मृत फेला परेपछि स्थानीयले पनि विषसेवनको आशंका व्यक्त गरेका थिए । उक्त घटनामा संलग्न भएको आरोपमा ३२ वर्षीया भतिजी बुहारी सुनीता कार्कीलाई पक्राउ गरिएको छ ।

प्रहरीले अनुसार प्रारम्भिक बयानमा उनले आफैले खानामा विष मिसाएको र प्रमाण लुकाउन विषको बट्टा अँगेनामा जलाएको स्वीकारेकी छन् । बट्टा जलेको अवस्थामा प्रहरीले बरामद गरेको छ । विषको प्रकार र घटना किन भयो भन्नेबारे पोस्टमार्टम, फरेन्सिक तथा प्रयोगशाला रिपोर्ट आएपछि मात्र स्पष्ट हुनेछ । सुनीताविरुद्ध कर्तव्य ज्यान सम्वन्धी मुद्दा दर्ता गरिएर म्याद थप गर्दै थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

घटनाको समयमा वृद्ध दम्पतीसँगै बस्ने भतिजो प्रशान राई घरबाहिर रहेको बताइएपछि घटनाको कारण पारिवारिक विवाद हुन सक्ने अनुमान अनुसन्धानकर्ताहरूले गरेका छन् । यसैबीच स्थानीयवासीले निष्पक्ष, गहिरो र छिटो अनुसन्धान गरी दोषीलाई कडा कारबाहीको माग गरेका छन् ।

# चुनावपछिको युवा नेतृत्वले मात्र ल्याउन सक्छ परिवर्तन : मन्त्री गुप्ता

**काठमाडौं २२ मंसिर ।** गृहजिल्ला सिराहा पुगेर मन्त्री गुप्ताले तीन वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई चिसोबाट जोगाउन न्यानो ज्याकेट वितरण गर्नु भएको हो ।

उहाँले वर्तमान चुनावी सरकारको मुख्य काम चुनाव आयोजना गर्नु मात्रै रहेको र जनताको भावना अनुसार काम गर्न नसक्ने टिप्पणी गर्नुभयो ।

मन्त्री गुप्ताले भन्नुभयो, "चुनावपछि युवाहरूको नेतृत्वमा सरकार बनाउनु आवश्यक छ । सुन्दर देश बनाउने सपना देखेका जेनजी लगायत सबै सहिदहरूको भावना अनुसार नै काम हुनेछ ।"

लहान नगरपालिका वडा नम्बर १५ ढोडनास्थित राजदेवी आधारभूत विद्यालयमा आयोजित कार्यक्रममा कक्षा पाँचसम्मका ९५ जना बालबालिकालाई ज्याकेट वितरण गर्दै उहाँले सामुदायिक विद्यालयलाई सुरक्षित आवाससहितको प्राविधिक विद्यालयमा रूपान्तरण गर्ने, दलित तथा विपन्न समुदायको शिक्षा, स्वास्थ्य र रोजगारी सुनिश्चित गर्ने र भ्रष्टाचारमुक्त देश बनाउने लक्ष्य



रहेको बताउनुभयो । फागुन २१ गते हुने चुनावमा युवा नेतृत्वहरूलाई चुन्न सबैसँग अपिल गर्दै मन्त्री गुप्ताले भन्नुभयो, "हामी केवल तस्बिर झुण्ड्याउन सरकारले गएको होइन, सुन्दर देश बनाउने सपना लिएर परिवर्तनको पक्षमा रहेको छौं ।" सोभरस एक्सन नेपालले उपलब्ध गराएको तीन सय न्यानो ज्याकेट लहानका राजदेवी, भानु र जनता आधारभूत विद्यालयमा वितरण गरिएको थियो ।

# अण्डाको मूल्य २० दिनमा ४ पटक बढ्यो

**काठमाडौं २२ मंसिर ।** मंसिरको २० दिनभित्र अण्डाको मूल्यमा चारपटक फेरबदल भएको छ । नेपाल लेयर्स कुखुरापालक संघले मंगलबारदेखि लागु हुनेगरी अण्डाको नयाँ समर्थन बिक्री मूल्य तोकिएको छ । यो नयाँ निर्णयसँगै महिनाको सुरुवाती मूल्यको तुलनामा अहिले अण्डाको भाउ महँगिएको छ । संघले सार्वजनिक गरेको तथ्यांक हेर्दा मंसिर ३ गते ४५० रुपैयाँ प्रतिक्रेट रहेको ठुलो अण्डाको मूल्य त्यसको २० दिनपछि अर्थात् मंसिर २३ गते आइपुग्दा ५६५ रुपैयाँ पुगेको छ । यस अवधिमा ठुलो अण्डा प्रतिक्रेट ११५ रुपैयाँले मूल्य वृद्धि भएको देखिन्छ । संघले सुरुमा बाँकी तेश्रो पृष्ठमा